# सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (चौथो संशोधन) नियमावली, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०२।१५

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नियमावली, २०७८ संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (चौथो संशोधन) नियमावली, २०८० बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो नियमावलीको नाम “सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (चौथो संशोधन) नियमावली, २०८० “ हुनेछ।

(२) यो नियमावली कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "मूल नियमावली" भन्नाले "सूर्योदय आधारभूत तथा माध्यमिक शिक्षा नियमावली २०७६” लाई जनाउनेछ।

**३. मूल** नियमावलीको परिच्छेद ५ को नियम ३२ पछि देहाय बमोजिमको नियम ३२(क) थप गरिएको छ।

(१) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गर्न आधारभूत तह र माध्यमिक तहका लागि अलग-अलग प्रधानाध्यापक नवीन अध्ययन मञ्च रहने छ।

(२) प्रधानाध्यापक नवीन अध्ययन मञ्चमा आधारभूत तह र माध्यमिक तहका प्रधानाध्यापकहरू सदस्य रहने छन्।

(३) हरेक महिना मञ्चको नेतृत्व फरक फरक प्रधानाध्यापकबाट हुनेछ।

(४) प्रधानाध्यापक नवीन अध्ययन मञ्चको काम कर्तव्य तथा अधिकार तपसिल बमोजिमको हुनेछः

(क) हरेक महिना अलग अलग सामुदायिक आधारभूत र माध्यमिक विद्यालयको शैक्षिक सुपरिवेक्षण गर्ने।

(ख) विषयगत शिक्षकका समस्या समाधान गर्न विशेष पहल गर्ने

(ग) विद्यालयको आन्तरिक र बाह्य व्यवस्थापनमा प्रत्यक्ष सुधार गर्न सहयोग गर्ने

(घ) हरेक महिना एक विद्यालयमा सफल भएका अभ्यासहरूको छलफल र अनुभव आदान प्रदान गर्ने।

(ङ) मूल्याङ्कनमा नवीन साधन विधि तथा तरिकाहरूको प्रयोग सन्दर्भमा शिक्षकहरूलाई परामर्श सेवा उपलब्ध गराउने

(च) शैक्षणिक योजना तथा अनुसन्धानमा सहयोग पुर्याउने .

(छ) प्रधानाध्यापक तथा शिक्षकहरूको कार्यसम्पादनलाई शैक्षिक गुणस्तरसँग आवद्ध गराउने।

(ज) विद्यालयमा उपलब्ध भएका र हुन सक्ने साधन स्रोतको पहिचान तथा सफल प्रयोगका लागि मार्गदर्शन प्रदान गर्ने

(झ) असल र कुशल नेतृत्व क्षमता विकास गर्न सहयोग गर्ने

(ञ) वर्तमान अवस्था र भावी सम्भावना तथा चुनौतिहरूको पहिचान गरी अगाडि बढ्न उपायहरूको प्राथमिकीकरण गर्न सहयोग गर्ने

(ट) विद्यालय सुधार योजना तथा अन्य विद्यालयगत योजनाहरूको निर्माण प्रयोगमा सघाउ पुर्याउने।

(ठ) शैक्षिक कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने।

(ड) दिवा खाजा स्वास्थय पोषण तथा अन्य विद्यालगत समस्या समाधानमा सहयोग पुर्याउने

४. प्रधानाध्यापक नवीन अध्ययन मञ्चको मासिक बैठक बस्नेछ तथा बैठक भत्ता नगरपालिकाको नियमानुसार नगरपालिकाले उपलब्ध गराउने छ।
५. प्रधानाध्यापक नवीन अध्ययन मञ्चले मासिक रुपमा आधारभूत र माध्यमिक तहको अध्ययन र अनुसन्धान तथा नवीन कार्यको प्रतिवेदन  हरेक महिना बैठकमा पेश गर्नुपर्ने छ।
६. संस्थागत विद्यालयको हकमा छुट्टै व्यवस्था गरिने छ।